परिवर्तनको लागि

# क्राईम अपरेशन

CRIME OPERATION साप्ताहिक

❑ वर्ष १३ ❑ अंक २० २०८१ पौष २१ आईतवार Sunday 5, JAN 2025 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

**नेपाल खानेपानी संस्थान**
शाखा कार्यालय, विराटनगर

**सूचना**

गर्मी, सुख्खा याम बढे सँगै जमिन मुनीका पानीका सतह घटिरहेकोले गर्दा पानी उत्पादन कम हुन गई वितरण प्रणालीमा समस्या भएको जानकारी गराउदै वितरण गरिएको पानी सहि सदुपयोग गरि दिनु हुन अनुरोध छ, साथै कहि कतै पाईप लिकेज भई पानी खेर गईरहेको देख्नु भएमा कार्यालयलाई जानकारी गराई दिनु होला ।

पानी उमालेर र फिल्टर गरेर मात्र प्रयोग गर्ने बानी बसालौं ।

## दर्जनौं व्यक्तिसंग करोडौं रकम ठगी

विराटनगर । महोत्तरी बबथनाहा घर भई विराटनगर-६ का आनन्द मोहन झाले दर्जनौ व्यक्तिहरुको करोडौ रकम ठगी गरको आरोप सुनसरी गढी गाउँपालिका-४ का श्यामदेव साहले लगाएको छ ।

नेपाल पत्रकार महासंघ मोरंग शाखाको सभाहलमा मंगलवार पत्रकार सम्मेलन गरी सो आरोप लगाएको थियो । झाले समान्य चिनजान भएका श्यामदेव साहबाट एउटा बैकको कर्जा अर्को बैकमा सार्न भनेर २०८० साल माघ महिनामा १ करोड १४ लाख रुपियाँ बैक मार्फत लिएका थिए । उक्त रकम बारम्बार ताकेता गर्दा पनि नदिएको साहले वताए । सो रकम माग्दा उल्टै झाले गुण्डा परिचालन गरी आफुलाई कुटपिट, डरधाक लगायतको काम गरी मानसिक तानाव दिएको वताए ।



आफूहरु लगायत दर्जनौ व्यक्तिहरु ठगिएको गुनासो गर्दै श्यामदेव सहार र मोहम्मद रफिक मियाँ पत्रकार सम्मेलनमा



ठगी आरोपी विराटनगर-६ का आनन्द मोहन झा

आफ्नो रकम माग्दा उल्टै झाकै योजनमा विराटनगर-५ चाँदनी चौक स्थित पासा होटलमा बोलाएर सावन दास, विनोद राय र जमिर मियाँले आफ्नो १ थान आईफोन र २ थान मोवाईल लुटपाट गरको साहले वताउँदै सोही घटनको जाहेरी जाहेरी जिल्ला प्रहरी कार्यालयमा दर्ता गराएपनि कुनै प्रहरीले सुनवाही नगरेको आरोप साहले लगाए ।

झाले धेरै पटक रकम दिन्छु भनेर भाका दिए तर पैसा फिर्ता अहिले सम्म नदिएको भन्दै साहले भने उक्त रकम प्राप्त गर्न विराटनगर महानगरपालिकाका प्रमुख नागेश कोइरालको रोहवर मा २०८१ साल श्रावन २८ गते १ करोड १८ लाख रकम २० दिन भित्र फिर्ता गर्ने सर्तमा कपाली तमसुक बनाएर झाले दिए तर सो रकम अहिले सम्म फिर्ता दिएका छैन ।

साह मात्रै झावाट ठगीएको होईन मोरंग रंगेली नगरपालिका-३ आमतोला का मोहम्मद रफिक मियाँले श्रीमतीको नाममा रहेको जग्गा लुम्बनी विकास बैकको हरैचा शाखामा धितो राखेर १ करोड ५ लाख रुपैयाँ ऋण लिएका थिए । घरायसी कारणले ऋण तिर्न समस्या भएपछि उक्त जग्गा विक्री गर्ने निर्णयमा पुगेका मियाँले २०८१ जेठ ११ मा एक हप्ताभित्र जग्गा पास गर्ने शर्तमा झालाई बेच्ने निर्णय गरका थिए । जग्गा

वांकी अन्तिम पेजमा...

## सुशासनको माध्यमबाट लोकतन्त्रलाई सुदृढिकरण

बिराटनगर । सुशासनको माध्यमबाट लोकतन्त्रलाई सुदृढिकरण गर्नु पर्ने कोशी प्रदेशका मुख्यमन्त्री हिक्मत कुमार कार्कीले बताएका छन् ।

इलामको चुलाचुली गाउँपालिकाको चपेटीमा नेकपा एमाले दमक नगर कमिटीले आयोजना गरेको वनभोज कार्यक्रममा बोल्दै मुख्यमन्त्री कार्कीले सहकारी को अरबौं अरब रकम लुट्नेहरु ले देशको 'सिस्टम लाई नै च्यालेन्ज' गरिरहेको उहाँले वताउँदै भन्नुभयो- 'जनताले आधा पेट खाएर सहकारी जम्मा गरेको रकम लुट्न कुनै लुटेरालाई छुट छैन सबै कानुनको दायरा आउनु पर्छ ।' सहकारीको रकम हिनामिना र ठगीमा एमाले, काँग्रेस वा रास्वपा अन्य कोही भएपनि छोड्न नहुने उहाँको भनाइ थियो ।

देशमा राजनीतिक समस्याहरु आएको, लोक तान्त्रिक शासन प्रणाली, कानुनी राज र संविधानको सर्वोच्चतामाथि हस्तक्षेप गर्ने र सिस्टममाथि नै कालो पोत्ने प्रयासहरु भइरहेको चर्चा गर्दै मुख्यमन्त्री कार्कीले त्यसलाई अन्त्य गर्दै लोकतान्त्रिक प्रणालीलाई सुदृढ गर्दै सुशासनको माध्यमबाट लाग्नु पर्ने वताए । यही कारण त्रै दुई ठुला दलहरु मिलेर संघदेखि

वांकी अन्तिम पेजमा...

## मिथिला वाटिका स्थापना

विराटनगर । भारतको उत्तर प्रदेशको फिरोजावाद जिल्लाको सिरसागञ्जमा निर्माणाधिन रामचरित मानस बाटिका परिसरमा मिथिला वाटिका स्थापना गरिएको छ ।

स्वदेशी समाज सेवा समिति सोजन्य र वन प्राविधिक समाज जनकपुर धामको महासचिव सुरेश शर्माको प्रमुख आथित्थ्य एंव विशिष्ट अतिथि दूधमती नदी सरोकार समाज जनकपुर धामको अध्यक्ष सुदीप मण्डल, सोही समितिको कार्यकारी अध्यक्ष प्रो. अजब सिंह यादव, संस्थापक सचिव विवेक यादव लगायतले मिथिला वाटिकामा डिसेम्वर २७ अर्थात २०८१ मंसिर १२ गते शुक्रवार मिथिला वाटिका स्थापना गरको हो ।

जगत जननी माता सिताको जन्मभूमि एंव भगवान रामको ससुराली जनकपुर धामको पवित्र स्थानवाट शिवलिंग, रुद्राक्ष, तेजपता, आम, चम्पा, चन्दन, लाल चन्दन, बेल, पारिजातको विरुवा लिएर गएका शर्माको टालीले बाटिकामा विरुवाहरु रोपेका थिए ।

सोही अवरमा प्रमुख अतिथी शर्माले भने नेपाल भारत मैत्रीको आर्दश स्वरुप मिथिला वाटिकाको स्थापना गरिएको हो । यो मिथिला बाटिकाले वर्षौं वर्षदेखि चलिएको नेपाल भारतको

वांकी अन्तिम पेजमा...

## जेष्ठ नागरिक समाजको साधारणसभा सम्पन्न्

विराटनगर । प्रगति विनायक जेष्ठ नागरिक समाज विरा टनगर-८ ले पाँचौ वार्षिक साधारण सभा भव्यताका साथ सम्पन्न गरका छन् ।

साधारण सभाका प्रमुख अतिथी कोशी प्रदेश सभाका सदस्य माननीय खड्क बहादुर बस्नेतले दियो बालेर समुद्घाटन गर्दै भने समाजमा रहको जेष्ठ नागरिकहरुको आवश्यकतालाई परिपुर्ति गर्ने कर्तव्य राज्यको हो ।

सोही अनुरुप राज्यले जेष्ठ नागरिक भत्ता समेत दिदै आएको छ । हामी आ-आफ्नो समाजमा रहको जेष्ठ नागरिकहरुको लागि संस्थागत रुपमा अगाडी बढी रहेकोमा खुशी व्यक्त गर्दै सधारणसभाको सफलताको कामना गरेको थिए ।

साधारणसभाका विशिष्ठ अतिथी विराटनगर महानगर पालिका-८ का वडाअध्यक्ष राम पोखरेलले भने जेष्ठ नागरिकहरुलाई भजन किर्तन गर्न सामग्री दिने घोषण गर्दै भने हामी पनि भविष्यमा जेष्ठ नागरिक नै हुने भएकोले सोहीलाई ध्यानमा राखेर जेष्ठ नागरिकहरु पर्ति समर्पित भएर जेष्ठ नागरिक पार्क निर्माण, जेष्ठ नागरिकलाई खाजा कार्यक्रम, जेष्ठ नागरिकहरुलाई निशुल्क स्वास्थ्य जाँच, निशुल्क औषधी वितरणको कार्यक्रमहरु संचालन गर्दै आएका छौ । निर्माणधिन अवस्थामा रहको जेष्ठ नागरिक पार्कलाई आफ्नै कार्यकालमा सम्पन्न गर्ने प्रतिवद्धता जनाएका थिए ।

सोही अवसरमा नेपाल पत्रकार महासंघको निर्वाचनमा मोरंग शाखाको सह-सचिव पदमा निर्वाचित श्याम सुन्दर सुतिहारलाई विशिष्ठ अतिथी लगायत जेष्ठ नागरिक समाजका अगुवाहरु मिलेर सम्मान गरेका थिए ।

साधारण सभामा संस्थाका

वांकी अन्तिम पेजमा...



## दर्जनौ...

व्यपारीको रुपमा भ्रmालाई चिनेका थिए। मियाँले जग्गा विक्री गर्नुअघि बैकको ऋण तिर्न विराटनगरकै व्यापारी ओमप्रसाद राठी मार्फत ८१ लाख रुपैयाँ बैना लिएका थिए।

२ करोड ४० लाख मुल्यको जग्गा बिक्री गर्ने क्रममा रफिकले भ्रmामार्फत पवन भ्रmा, अशोक कोइराला, मुरारी स्वर्णका, संजीव श्रेष्ठ, इश्वर पोखरेल लागायतका व्यक्तिहरुको नामको चेकहरु पनि लिएका थिए। अर्कोतर्फ सन्जीव श्रेष्ठ दुरवर पोखरेल लगायतका व्यक्तिकहरूको नामका बैंक चेहरू पनि लिए। मियाँले श्रीमती बीबी हविदा खातुनको नाममा साविक दर्वेशा-४ कित्ता नं. ७६७ को २०३२.१९ वर्ग मिटरको उक्त जग्गा विक्रीका लागि भ्रmालाई नै २०८० जेठ १२ मा हक हस्तान्तरण तथा विक्रीको अधिकारसहितको अधिकृत वारेसनामा गरि दिएका थिए।

सो वाहेक वारेसनामा मार्फत भ्रmालाई ६ कट्ठा जग्गा मध्ये अशोक कोईरालाका नाममा १ कट्ठा ४ धुर, पवन भ्रmाको नाममा १ कट्ठा ४ धुर एक सहकारीको नाममा १ कट्ठा १२ धुर जग्गा पास गरी दिएका थिए।

विश्वास गरेर जग्गा पनि पास गरिदिए। तपाईको सवै रकम नगद नै तिरी दिन्छ भने चेक मागियो चेक पनि फिता गरे तर आफुले पाउने रकम नपाएको गुनासो गर्दै भने पछि पो थाहा पाए आनन्द मोहन भ्रmा मलाई मात्र होई दर्जनौ व्यक्तिहरुसंग यस्तै गरी करीब ३० करोड रकम लिएर भागी भागी हिनी रहको छ। प्रहरीसंग भ्रmाको राम्रै उठवस भएका कारण प्रहरीले पनि कुनै कारवाही नगरेको वताए।

## जेष्ठ...

सचिव राजेन्द्र कुमार थापाले आर्थिक वर्ष २०८०-०८१ मा आन्दानी ९६ हजार ३ सय ५१ रुपियाँ आन्दानी र ९३ हाजर ६ सय ८३ रुपियाँ ५० पैसाको खर्च विवरण प्रस्तुत गरेका थिए।

उक्त कार्यक्रम प्रगति विनायक जेष्ठ नागरिक समाज विराटनगर-८ अध्यक्ष माधव ढुगेलको अध्यक्षतामा सम्पन्न भएको थियो।

## मिथिला...

सम्बन्धलाई अभ्र प्रगाढ बनाउने विश्वास लिएको वताए।

सोही अवसरमा प्रो. अजब सिंह यादवले भने पूर्व वन रक्षक डा. महेन्द्र प्रताप सिंहका प्रेरणावाट विश्वकै प्रथम श्रीराम चरित मानस वाटिका, रामायण वाटिका, मिथिला वाटिका सहित दर्जनौ वाटिकाको स्थापना भएको वताए। सो अवसरमा अधिवक्ता पंकज यादव, बन्टी यादव, धर्मेन्द, वीरप्रताप लगायतको उपस्थिति रहेको थियो।

विरुवाहरू रोपिए पश्चात् त्रेता युगकालीन दैविय, रमणीय र स्वच्छ वातावरणको अनुभूति दिलाउने जानकारी वृक्षमानव शर्माले गराएका थिए। भारतको उत्तर प्रदेशको इटावा जिल्लामा पर्ने प्रदेशकै प्रसिद्ध स्कुल पान कुवँर इन्टरनेसनल स्कुल द्वारा आयोजना गरिएको छात्र पर्यावरण संसदमा वृक्षमानव शर्माले प्रमुख अतिथिको रुपमा समेत सम्बोधन गरको थियो।

## सुशासनको...

प्रदेशसम्म सरकार गठन गरेको उहाँले वताए। मुख्यमन्त्री कार्कीले भन्नुयभो- 'लोकतन्त्र, सुशासन र लोकतन्त्रविरुद्धका गतिविधिलाई परास्त गर्न अहिलेको गठबन्धन बनेको हो।' उहाँले अहिले प्रधानमन्त्री केपी शर्मा ओलीविरुद्ध अफवाह फैलाउँदै विभिन्न लान्छान लगाउने काम भइरहेको भन्दै उहाँले देशका सबै नेताहरुका सम्पत्ति छानबिन गर्न चुनौति दिएका थिए।

सुशसान कायम गर्दै देश विकासमा संघमा एमाले अध्यक्ष केपी शर्मा ओली नेतृत्वको सरकार र प्रदेशमा आफूले काम गरिरहेको उहाँले बताउनुभयो। मुख्यमन्त्री कार्कीले प्रदेश सरकारले सामर्थ्य र राजश्वले भ्याएसम्म विकासलाई तीव्र बनाउने वताएका थिए।



२६०८ औं तमु ल्होसार २०८१ सप्रि ल्हो (सर्प वर्ग) आगमनको पावन अवसरमा विराटनगर-७ हरियाली पार्कमा गरिएको शुभकामना कार्यक्रममा विभिन्न जातिय भेषभुषामा युवतीहरू। तस्वीर : श्याम सन्दर

## आगो, हिटर वा गिजर प्रयोगमा होसियारी अपनाऔ

- आगो वा हिटर नजिकबाट नतापौं,
- कागज, कपडा जस्तो छिटो जल्ने खालका सामग्री आगो वा हिटरको नजिकै नराखौं,
- कोठामा आगो वा हिटर बाल्दा हावा ओहोरदोहोर हुने व्यवस्था मिलाऔं,
- हिटरलाई समय समयमा बन्द गर्ने गरौं,
- आगो, हिटर र बिजुलीको काम सकिने बित्तिकै बन्द गरौं,
- बाथरुममा गिजरको प्रयोग गर्दा भेन्टीलेसन खुला राखौं,
- गिजर खोलेर लामो समय सम्म बाथरुममा नबसौं।

**नेपाल सरकार, विज्ञापन बोर्ड**

## नगरवासीको लागि विशेष अनुरोध

- नगरपालिका वा वडा कार्यालयमा बुझाउनु पर्ने सम्पत्ती कर, व्यवसाय कर लगायतका करहरु समयमै बुझाऔं।
- सडकमा जथाभावी सवारी साधन पार्किङ नगरौ।
- सडक पेटीमा कुनै पनि किसिमका व्यापार व्यवसाय नगरौ।
- सडकको क्षेत्राधिकार भित्र ठेला पसल तथा निर्माण सामाग्री नराखौ।
- नगर क्षेत्रभित्र निर्माण हुने घरको निर्माण पूर्व अनिवार्य घर नक्सा पास गर्ने गरौ।
- पञ्जीकरणका कार्यहरु ३५ दिन भित्रै गरी जरिवानाबाट बचौं।
- महिला सशक्तीकरणलाई प्राथमिकता दिऔं।
- सवै प्रकारका हिंसाको अन्त्य गरौ।
- उपभोक्ता हित विपरीत हुने कुनै पनि क्रियाकलापहरु पूर्ण रुपमा रोकौं।
- मिसावट तथा रंग रोगन गरिएका खानेकुराहरुको वेचविखन र सेवन गर्दै नगरौं।
- बाल श्रमको अन्त्य गरौ।
- आफ्नो घर वरिपरी हरियाली वनाउन वृक्षा रोपन गर्ने संस्कारको विकास गरौं।
- देखावटी रुपमा फजुल खर्च नगरौं।
- सभ्य रुपमा चाडपर्व मनाऔं।
- चाडपर्वको बेला सुरक्षित यात्रा गरौं।

**विराटनगर महानगरपालिका**
**महानगर कार्यापालिकाको कार्यालय**
**मोरंग, कोशी प्रदेश**

## खानेपानी, सिंचाई तथा उर्जा मन्त्रालयको जनहितमा जारी सूचना

- सिंचाइ प्रणालीको विकास र विस्तार गरी कृषि उत्पादन र उत्पादकत्वमा वृद्धि गरौं। सबै प्रकारका पानीका स्रोत, मुहान, कुलो, पैनी नहर आदिको संरक्षण र सम्बर्द्धन गरी आकासे पानीबाट संकलित पोखरी, भूमिगत लिफ्ट, सतह आदि सिंचाइ प्रणाली मार्फत पानीका थोपा थोपालाई कृषिमा प्रयोग गरौ। सडक पूर्वाधारजस्ता अन्य भौतिक संरचना निर्माण गर्दा कुलो पैनी नहरको संरचनामा क्षति नपुर्याऔं, क्षति पुगेमा क्षति पुर्याउने निकायबाटै तत्कात मर्मत संभार गराऔं। सिंचाइ प्रणालीमा कम ऊर्जा खपत गर्ने र नविकरणीय ऊर्जाबाट चल्ने उपकरणहरुको प्रयोग गरौं।

- आधुनिक प्रविधि र उन्नत जातका विउविजनको प्रयोग, वालीमा विविधीकरण र परिवर्तन तथा नगदे बालीलाई प्राथमिकता दिई परम्परागत कृषि पेशाबाट आधुनिक व्यावसायिक र भरपर्दो पेशामा रुपान्तरित भई स्वदेशमै समुन्नत भविष्य निर्माण गरौं। अर्गानिक कृषि उत्पादनमा जोड दिई मानव स्वास्थ्यप्रति संवेदनशील बनौं।

- वर्षाको समयमा बाढी पहिरो तथा कटान जस्ता जल उत्पन्न प्रकोप आउन सक्ने भएकाले नदीको प्राकृतिक बहावलाई अबरोध पुर्याइ किनाराहरु अतिक्रमण गरेर सम्भावित कटान, पहिरो जस्ता जोखिम युक्त क्षेत्रमा संरचना निर्माण गरी वसोवास नगरौं। नदी कटान, पहिरो रोकथाम तथा माटोको संरक्षणका लागि बनाइएका संरचनाहरुको सम्भार र संरक्षण गरौं। जलवायु परिवर्तनप्रति सचेत रहौं। वर्षाको पूर्व जानकारीका लागि जल तथा मौसम विज्ञान विभागको www.hydrology.gov.np वेबसाइटको सूचनाहरुबाट सु-सूचित रहौं।

**खानेपानी, सिंचाइ तथा उर्जा मन्त्रालय**
**कोशी प्रदेश, विराटनगर**

परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-८ कम्प्युटर लेआउटःविजय कु.मण्डल
मुद्रकःबाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेलःcrimeopration@gmail.com

## सम्पादकीय

### सहकारी अध्यादेशमा असन्तुष्टी

*हाम्रो मुलुकमा सहकारीले केही व्यक्तिहरुको जीवनलाई सुधार गर्ने वाटो देखाएको छ भने कही सहकारीले जीवन नै वरवाद हुने गरी ठगि गरेपछि अहिले सहकारीमा बचत कारोवार गर्नेहरु विच्चलीमा पर्न थालेपनि चारैतिर सहकारीको नाम बदनामा भई रहेको छ। सहकारीले ठगी गरेको व्यक्तिलाइ कानुनी दायरामा ल्याउन कठिन भईै रहको वेला नेपाल सरकारले सहकारी सम्बन्धी अध्यादेश ल्याएको छ। राष्ट्रपति रामचन्द्र पौडेलले 'सहकारीसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१' पुस १४ गते जारी गरेका छन्रु। यो राजपत्रमा प्रकाशित भएको छरु। अब कार्यान्वयनका लागि सरकारलाई बाटो खुलेको छरु। अध्यादेशमा बचत पुजीलाई दायरामा ल्याएको र दुई कार्यकाल बन्न नपाउने गरी ल्याएको अध्यादेश प्रति सहकारी कर्मीले असन्तुष्ट जनाएको छ।*

*सहकारीको मुख्य उदेश्य समाजमा रहेका साना साना पुंजीलाई संकलन गरी सामुहिक हितमा काम गर्ने हो। त्यसविपरीत सर्वसाधारणको बचत जम्मा गरेर ठगीधन्दा सहकारीका नाममा मौलायो रु। यसमा सरकार भनौं या राज्यको ठूलो कमजोरी रह्योरु। न कुनै अनुगमन, न त नियमन नैरु। सहकारी भनेको स्वनियममै चल्ने गरी छाडा छोडियो यो नै सवभन्दा सरकारको ठूलो भुल भएको हो। ठूला वडाले सहकारी खोल्यो निमुखा सर्वसधार जनतालाई बचत गर्न लगायो आफु चाहि टाप ठोक्यो। सहकारी क्षेत्रमा देखिएको बदनीयत गर्ने लाई कानुनी दायरामा ल्याउन सरकारले नयाँ कानुनको व्यवस्था गरेको छरु। सहकारी प्राधिकरण गठनसम्बन्धी त्यो अध्यादेश स्वागतयोग्य कदम होरु।*

*सहकारी वर्गअनुसार दश लाख, पचीस लाख र पचास लाख सम्म बचत गर्न सक्ने सिमा रहकोले एक व्यक्तिले त्यो भन्दा बढी रकम बचत गर्न पाउने छैन। मुलुकभर ३१ हजार सहकारी छन्रु। तिनमा ४ खर्ब रुपैयाँ बचत भएको अनुमान छरु। सरकारले ल्याएको कानुनले स-सना बचत कर्ताको रकम फिताको प्राथमिकता, फौजदारी लगायत सवालबाहेकको मिलापत्रजस्ता व्यवस्था सुन्दर राम्रो भएकाले यसलाई सरकारले कडाइका साथ लागु गरी बचत कर्ता को वचत फिता गर्न यो कानुन कोशेढुगा सावित हो छ।*

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ) : दम्पतिमा घरायसी विषयलाई लिएर वादविवाद बढेर असमझदारी वढ्ने सम्भावन छ। मनोरञ्जन र भ्रमणको योग छ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो) : वाणीको प्रभावले महत्वपुर्ण काम बन्ने छ भने मनोरञ्जन एवम अध्ययन भ्रमणको समेत अवसर मिल्ने योग छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : युवा वर्गका लीगि रमाइलो वातावरणको अवसर मिल्ने छ। इष्टमित्रका सहयोगले महत्वपुर्ण काम बन्ने।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)** : युवावर्गका लीग मनोरञ्जन एवं प्रेम प्रसङ्गमा रमाउने योग रहनुका साथै कतै भ्रमणमा जाने योग छ।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईकै हुने छ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)** : घरायसी र पारिवारीक विषयले चिन्ता बढाउने छन। बौद्धिक क्षेत्रका काममा सफलता मिल्ने योग रहेको छ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)** :भोग विलासका सामग्री हरुको किनमेलमा पैसा खर्च गराउला। काममा विघ्न वाधाहरु आउन सक्नेछन।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू) : बुद्धिको प्रभावले ठुला-ठुला समस्या** हरुमा समाधान निकाल्नलाई योग छ। मित्रहरको सहयोग राम्रो रहने छ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)** : धार्मिककाममा महत्वपूर्ण सहभागिता जनाउनुपर्दछ। व्यापारीवर्गका लागि मनग्गे आमदानीको योग छ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)** : धार्मिक उव समाजिक काममा मान स्म्मान मिल्ने योग छ। महीनाको उत्तराधएमा सामान्यवादविवादमा समेत तान्ने छ।

**कुम्भ** (गु,गे,गो,सा,सी,सु,से,सो,द) **:सानो तिनो चोटपटकको सम्भावना र हेकाले सतर्कता अपनाउनु** होला। **भाग्यले राम्रै साथ दिनाले सफलता मिल्नेछ ।**

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईकै हुने छ।

# भ्रष्टाचारबारे पूर्वन्यायाधीश इश्वर खतिवडाले उठाएको ८ प्रश्न

**ईश्वर खतिवडा**

भ्रष्टाचारको जालोबाट कुनै पनि देश मुक्त छैन। चाहे त्यो अमेरिका होस्, युरोप होस् वा जापान; सबै देश कुनै न कुनै स्तरको भ्रष्टाचारले ग्रस्त छ। भ्रष्टाचार नियन्त्रण सबै देशका लागि ठूलो चुनौती हो।

पछाडि फर्केर हेर्ने हो भने, मानव सभ्यताको सुरूको अवस्थादेखि अहिलेसम्म सानो-ठूलो स्तरको भ्रष्टाचार हुँदै आएको पाइन्छ। यो हरेक समाजको निम्ति सर्वकालीन दण्डनीय र आपत्तिको विषय पनि हो। प्रश्न भनेको कति परिमाणसम्मको भ्रष्टाचारलाई सामान्य भन्ने र कुन हदसम्मको भ्रष्टाचारलाई सह्य मान्ने मात्र हो।

म यहाँ भ्रष्टाचारको दार्शनिक पाटोबारे धेरै कुरा गर्दिनँ। भ्रष्टाचारको ठूलो कानुनी या समाजशास्त्रीय दर्शन केही पनि छैन। यो नितान्त राज्यविरूद्धको कसुर हो। समाजविरूद्धको कसुर हो। नैतिकता प्रतिकूलको कार्य हो। यस्तो कार्य गर्नुहुन्न भन्नेमा दुई मत छैन। कसैले गर्छ भने दण्डनीय हुन्छ। भ्रष्टाचारको दर्शन भनेको यति मात्र हो, यसलाई कुनै हालतमा बढ्न दिनुहुँदैन। जतिसक्दो घटाउनुपर्छ र सकिन्छ भने पूरै सिध्याउनुपर्छ।

जहाँसम्म नियन्त्रणको कुरा छ, सबैले आफ्नो तर्फबाट कोसिस गरेका छन्। हामीले पनि कोसिस गरेका छौं। नगरेका भए समाज जुन ढंगले चलिरहेको छ, यसरी चल्दैन थियो। हामीसँग संविधान छ, ऐन-कानुन छ, नियमहरू छन्। पद्धति निर्माण भएको छ। भ्रष्टाचारविरूद्ध एक तहको सचेतना पनि छ। त्यसैले केही पनि काम भएको छैन भन्ने होइन।

म आजभन्दा करिब ३४-३५ वर्षअघिको एउटा घटना स्मरण गर्न चाहन्छु।

घटना पोखराको हो। अहिले फिस्टेल लज भएको ठाउँभन्दा माथितिर लगभग सवा दुई सय रोपनी पाखो जग्गा एक जना महानुभावले आफ्नो नाममा दर्ता गर्नुभएछ। उहाँले त्यो पाखो जग्गा व्यक्तिगत बनाउनुभयो। म त्यति बेला पोखरामा सहन्यायाधिवक्ता थिएँ। कुनै प्रसंगबाट त्यो जग्गा दर्ता भएको मैले थाहा पाएँ। कसरी दर्ता भयो भनेर मलाई आश्चर्य लाग्यो।

त्यतिखेर अख्तियार दुरूपयोग अनुसन्धान आयोगले पुनरावेदन सहन्यायाधिवक्ताहरूलाई आफ्नो अधिकार प्रत्यायोजन गरेको थियो। त्यसैले अनुसन्धान गर्ने र अख्तियारको केही अधिकार मसँग थियो। मैले मालपोत अधिकारीलाई बोलाएँ र 'जग्गा कसरी दर्ता भयो, अब म तिमीलाई छोड्दिनँ' भनेँ। मालपोत अधिकारी पानी-पानी भए।

उनीबाट मैले थाहा पाएँ, त्यो जग्गा दर्ता गरिदिए हुन्छ भनेर जिल्ला वन अधिकृतले पठाएका रहेछन्।

मैले वन अधिकृतलाई बोलाएँ र 'अब तिमीलाई ठाडै भित्र पठाउँछु, कुनै हालतमा छाड्दिनँ' भनेँ।

उनले भने, 'त्यो म छिट्टै फिर्ता लिन्छु। गल्ती भयो, एकचोटिलाई क्षमा पाऊँ।'

डरले मान्छेको दस नाडी गल्छ भनिन्छ नि, ती वन अधिकृतको एघार नाडी गल्यो। उनले पहिलेको निर्णय गल्ती भयो भने र जग्गा दर्ता बदर गरिदिए। अहिले त्यहाँ जंगल छ।

आफ्नो यो व्यक्तिगत अनुभवपछि अब म मुलुकमा देखिएका भ्रष्टाचारबारे ८ वटा प्रश्न राख्न चाहन्छु।

१. नीतिगत निर्णयमा अख्तियार किन लाग्दैन ?

मन्त्रिपरिषदले गर्ने निर्णय भ्रष्टाचारको दायराभित्र पर्छ कि पर्दैन भन्ने प्रश्न अहिले चर्चामा छ। अहिले मन्त्रिपरिषदले गर्ने नीतिगत निर्णयलाई भ्रष्टाचार कारबाहीको दायराभन्दा बाहिर राखिन्छ। यसको अर्थ नीतिगत निर्णय गर्दा भ्रष्टाचार गर्न पाइने छुट कानुनले दिएको हो ? नीतिगत निर्णय गर्ने भनेर भ्रष्टाचार गर्न पाइने हो ? हामी जुन 'क्लेप्टोक्रेसी' (भ्रष्टतन्त्र) को कुरा गर्दैछौं, त्यसको सुरूआती बिन्दु नै यही हो।

हामीले नीतिगत निर्णय वा अन्य कुनै पनि नाममा निर्णय गरेर भ्रष्टाचार गर्न पाइँदैन। त्यो कानुनी दायरामा आउनुपर्छ। यो भनेको शासक वर्गले आफूलाई भिन्न वर्गका रूपमा स्थापित गर्न बनाएको कानुन हो। २०४९ सालमा कानुन बन्दा यस्तो कुरा लेखियो। त्यतिखेर यस्तो किन लेखियो भनेर अभिव्यक्त रूपमा कहीँ पनि आएन।

त्यो बेलाको भित्री मनस्थिति के थियो भने, भर्खर भर्खर बहुदलीय व्यवस्था आएको छ, प्रशासन्त्र संयन्त्रहरू सबै हिजोको पञ्च सरकारकै पालामा तयार भएका छन्। अख्तियार भन्ने निकायमा पनि तिनै पञ्च सरकारकै पालामा नियुक्त भएका मान्छे छन्। नयाँ मान्छे कहाँबाट ल्याउने? काम त तिनैबाट लिनुपर्छ। यही छिद्र समातेर भर्खर आएको प्रजातन्त्रलाई कमजोर पार्ने खेल हुने त होइन भन्ने सोचका साथ चुनावपछि आउनेहरूले आफ्नो कुर्सी सुरक्षित राख्न त्यस्तो कानुन बनाए। त्यसभित्र आफूले गर्ने गलत क्रियाकलाप ढाकछोप गर्ने नियत पनि थियो होला। अहिले पनि त्यही छ।

अख्तियारसँग सम्बन्धित कानुन संशोधनका लागि केही दिनअघि संसदमा छलफल भयो। नीतिगत निर्णयको ठाउँमा यति व्याख्यात्मक कुरा राख्ने कि नराख्ने भन्ने विषयमा छलफल भइरहेका छन्। त्यो दफा नै फाल्दिऊँ भन्ने बुद्धि किन नआएको कसैलाई ? त्यो दफासँग किन यति प्रेम, किन यति दोस्ताना हो ? यस्तो हुनु हुँदैन भन्ने कुरा सुन्नेसम्मको धैर्य अहिलेको शासक वर्गमा छैन। सबभन्दा बेइमानी यहींनिर छ।

यदि नीतिगत निर्णय गर्ने मान्छेलाई भ्रष्टाचारको कारबाही नचल्ने हो भने कसैलाई पनि चलाउनु भएन। चल्ने हो भने त्योसँग सम्बन्धित जो जो हो, ती सबैलाई चलाउनुपर्यो। म यहाँ लाउडा जहाज खरिद प्रकरणको उदाहरण दिन्छु।

अख्तियारले गिरिजाप्रसाद कोइरालालाई लगेर बयान गरायो। कागज पनि गरायो। पछि मुद्दा चलाउने बेला एउटा नोट लेख्यो। यति भए पनि गरेको त हो नि ! बयान गर्न हुने, मुद्दामा नोट लेख्न हुने, मुद्दा चलाउन चाहिँ किन नहुने ? मेरो भनाइ गिरिजाप्रसाद कोइरालालाई मुद्दा चलाउनुपर्छ भन्ने होइन। मैले खाली यत्ति भन्न खोजेको हो, आफूलाई सजिलो पर्दा नीतिगत निर्णयको सिरानी हाल्ने, अनि अरू कुरा गर्ने ?

ललिता निवास प्रकरणका सम्बन्धमा मन्त्रिपरिषदमा फाइल पठाउने र निर्णय गर्ने उप प्रधान मन्त्रीमाथि मुद्दा चल्यो, मन्त्रिपरिषदमा बस्ने प्रधानमन्त्री हरूलाई मुद्दा चलेन। किनभने, त्यो नीतिगत निर्णयको परिभाषामा पर्‍यो रे। भनेपछि के नीतिगत निर्णयको परिभाषाभित्र प्रधानमन्त्री मात्र पर्ने हो ? अरू नपर्ने हो? उनीहरू पर्नुपर्थ्यो कि पर्दैनथ्यो भन्ने मेरो प्रश्न होइन। मेरो प्रश्न यति मात्र हो, यदि पर्ने भए सबै पर्नुपर्थ्यो, नपर्ने भए कोही पनि पर्नुपर्दैन थियो। कुनै एकको हकमा त्यही कानुन लागू हुने र अर्काको हकमा नलाग्ने कसरी भयो ? यो प्रश्न उठ्नुपर्छ कि पर्दैन ?

म यसबारे नागरिक समाजसँग पनि जिज्ञासा राख्न चाहन्छु। नीतिगत निर्णय भनेको भ्रष्टाचारको जड हो। मन्त्रिपरिषदबाट निर्णय गरेपछि हामीलाई कसैले छुन सक्दैन भनेर एउटा कार्यालय प्रमुखले गर्ने ठेक्कापट्टाको निर्णय पनि मन्त्रिपरिषदमा लगेर स्वीकृति गर्ने, कमिसन खाने र त्यसलाई नीतिगत निर्णय भनेर मानिदिनुपर्ने ? नीतिगत निर्णयको काम गलत हो भनेर कसैले भन्नु नपर्ने ? कहाँ छौं हामी ? त्यसैले यो कानुनलाई सरल रूपमा नबुझिएको अवस्था म देखिरहेको छु।

२. संस्थागत विश्वसनीयताको अभाव

हामीकहाँ विषयगत ज्ञान र विशेषज्ञताको समस्या छ। सबै विषयमा सबै मान्छे विज्ञ, ज्ञानी र दक्ष त हुँदैन। सबैको आफ्नो सीमा हुन्छ नै। तर केही कुरामा विषयगत ज्ञान र विशेषज्ञता चाहिन्छ।

जस्तो, भ्रष्टाचार नियन्त्रणका लागि एउटा निकाय खडा छ, अख्तियार दुरूपयोग अनुसन्धान आयोग। त्यहाँ आज को छ, भोलि को मान्छे पुग्छ, टुंगो छैन। त्यहाँ धेरै ज्ञान र विज्ञता चाहिन्छ। बसेपछि अनुसन्धान गरेर ठ्याक्क थाहा पाउँछु भन्ने हुँदैन। त्यो विज्ञता तयार गर्ने परिस्थिति त्यहाँ कहिल्यै निर्माण गरिएन। कोसिस नै गरिएन।

बरू भैंसीलाई सुई दिने भेटिरिनरीका सहायकलाई दुई-चार दिन तालिम दिइन्छ। जसले राज्य सञ्चालन गरेको छ, त्यसलाई हतकडी लगाएर ल्याउनुपर्ने ठाउँमा कुनै दिन तालिम भएको सुनिएको छैन। अनि कहाँबाट आउँछ ज्ञान ? कुनै मुद्दा अदालत लैजानुपर्‍यो भने काम न काजका बोराभरिका थोत्रा कागज तयार पारेर पुर्‍याइदिन्छन्। अनि पहाड छेड्यौं भन्छन्। हेर्दै जाँदा त्यो मुद्दामा केही हुँदैन। अनि अदालतले छाडिदिन्छ।

विज्ञता निर्माण गर्ने, विशेषज्ञता विकास गर्ने परिपाटी छैन। अख्तियारमा प्रहरीका पनि केही मान्छे हुन्छन् र अनुसन्धानको काम गर्छन्। उनीहरूले अरू अपराध जसरी अनुसन्धान गर्छन्, भ्रष्टाचारमा पनि त्यही विधि अपनाउने गरेका छन्। फरक तरिका चाहिने भए पनि गरिँदैन। जे जानेका छन्, त्यही गर्छन्। अदालतमा मुद्दा लैजानेमा पनि विशेषज्ञता हुँदैन। अनि फैसला र कारबाही पनि त्यसैअनुसार हुन्छ।

२०७३/७४ सालतिरको कुरा हो। एउटा मुद्दामा विशेष अदालतले कुनै विभागका निर्देशकलाई सफाइ दियो। पुनरावेदनमा गएपछि त्यो मुद्दा मैले हेरेँ। अनि यो त अत्ति भयो भनेर विशेषको फैसला उल्ट्यायौं। भ्रष्टाचार कसुर ठहर गर्‍यौं। एक करोड रूपैयाँभन्दा धेरै जरिवाना गर्‍यौं।

मैले फैसलामा जुन विधिशास्त्र निर्माण हुँदै आएको छ, गलत भयो भनेर लेखेको छु। भ्रष्टाचारका सम्बन्धमा सही विधिशास्त्र प्रयोग भएको छैन। अहिले प्रयोग भइरहेको त भ्रष्टाचारमैत्री विधि शास्त्र भयो। यस्तो विधिशास्त्र निर्माण गर्न दिनु हुँदैन, सुधार हुनुपर्छ भनेर लेखेको छु।

यो विधिशास्त्रमा मान्छेलाई जागरूक गराउने, सक्षम गराउने, जानकारी दिने कोसिस पनि भएन। न्यूनतम काम समेत नगरी गलत बाटो हिँड्न थालेपछि सुखद परिणाम आएन।

वांकी ५ पेजमा...

# एसइइ उतिर्ण देखि स्नातक तहसम्म अध्ययनरत छात्रालाई साईकल वितरण



विराटनगर। एसइइ उतिर्णदेखि स्नातक तहमा अध्ययरत छात्राहरुलाई विराट नगर महानगरपालिका वडा नं. १४ ले साईकल वितरण गरेका छन्।

साईकल वितरण कार्यक्रम का प्रमुख अतिथी विराटनगर महानगरपालिकाका उप-प्रमुख शिल्पा निराला कार्कीले ती छात्राहरुलाई साईकल वितरण गरी कार्यक्रमलाई सम्बोधन गर्दै भने विराटनगर-१४ का वडा अध्यक्ष सुर्यनारायण महतोले छात्राहरुलाई उच्च शिक्षाको लागि कलेजसम्म पुग्नको लागि साईकल वितरण कार्य सराहनीय भएको वताईन। छात्राहरु उच्च शिक्षा अध्ययनको लागि न्यून रुपमा कलेज जने भएकोले तीनीहरुलाई उच्च शिक्षा अध्ययनको लागि कलेज सम्म जान सहज होस भनेर साइकल वितरण गरेकोले छात्राहरुले पनि त्यसको महत्व बुझेर उच्च शिक्षा अध्ययन गरेर देखाउन छात्राहरुलाई उप-प्रमुख कार्कीले आग्रह गरेकी थिईन।

त्यसैगरी विशिष्ठ अतिथी विराटनगर महानगर पालिकाका निमित्त प्रमुख प्रशासकिय अधिकृत राम प्रसाद ढुंगेलले भने शिक्षा क्षेत्रमा जुन किसिमको लगानी हुनु पर्ने त्यो नभएर अहिले न्यून दरबन्दीमा सरकारी विद्यालयहरुमा पठन पाठन भई रहेको छ। विद्यार्थी अनुपातमा दर्वन्दी दिने हो भने विराटनगर महानगरपालिका भित्र अझै ५ सय शिक्षकको आवश्यकता छ। त्यो आवश्यकता महानगरले धान्न सक्दैन। विद्यालयहरुमा जे जुन जनशक्ति छ त्यसैले विद्यार्थीहरुलाई गुणस्तरीय शिक्षा दिन आग्रह गरेका छन्।

मिल्स माध्यमिक विद्यालय का भुपु शिक्षक सुर्यनारायण यादवले भने वडा अध्यक्षले छात्राहरुलाई दोस्रो पटक गरिएको साईकल वितरण कार्य असाध्यय राम्रो भएको भन्दै वडा भित्र रहेका स्कुल, कलेज, स्वास्थ्य चौकी, प्रहरी लगायत सरकारी गैरसरकारी संस्थाहरुको विवरण वडा कार्यालयको अगाडी नागरिक वडा पत्र जस्तै बनाएर राख्न सुझाव दिएका थिए।

त्यसैगरी समाज सेवी जय प्रकाश महतोले वडाअध्यक्षले छात्राहरुलाई उच्च शिक्षा अध्ययन गर्न कलेजसम्म जानको लागि साईकल वितरण गरको भन्दै त्यसको प्रतिफल स्वरुप छात्राहरुले पनि उच्च शिक्षा हासिल गरी आएपछि वडा अध्यक्षलाई धन्यवाद दिन आग्रह गरको थिए।

वडा नं. १४ का रितिका कुमारी यादव, चँदनी यादव, लक्ष्मी कुमारी महतो, पार्वती कुमारी महतो, जहना खातुन, पुजा साह, सुस्मिता यादव, अस्तिता यादव, साइमा काफ्ले, नन्दनी कुमारी महतो, युकृति खड्का, सृजना साह, गौरी कुमारी राय, एलिषा यादव, कशिश विश्वासलाई प्रमुख अतिथी, विशिष्ठ अतिथी र अतिथीहरु साईकल अविरको टिका लगाएर साइकल हस्तान्तरण गरका थिए।

साईकल वितरण कार्यक्रम विराटनगर महानगरपालिका वडा नं. १४ का वडा अध्यक्ष सुर्यनारायण महतोको अध्यक्षतामा सम्पन्न भएको थियो।

# संघिय शिक्षा ऐन चाडै आउनुपर्छ : मुख्यमन्त्री

विराटनगर। संघीय शिक्षा ऐन चाँडै आउनुपर्ने कोशी प्रदेशका मुख्यमन्त्री हिक्मत कुमार कार्कीले वताएका छन्। विराटनगरमा संघीय सरकार को शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले आयोजना गरेको शिक्षा ब्यवस्थापन कार्यक्रममा बोल्दै मुख्य मन्त्री कार्कीले संघले कानुन छिटो छरितो ढंगले नबनाउदा शिक्षा क्षेत्र अघि बढ्न नसकेको गुनासो गरेका थिए। 'प्रदेशले कानुन बनाउनु पर्दा सात दिनमा बनाउन सक्छ तर संघले सात बर्षमा सक्दैन किन हो म छक्क पर्छु' मुख्यमन्त्री कार्कीले भन्नुभयो - 'संघले चाँडै कानुन बनाउ लाग्नुपर्छ। व्यवधानलाई हटाउन पहल होस।'

मुख्यमन्त्री कार्कीले भने राजनीतिक नेतृत्वले सबै हुन्छ भन्ने, कर्मचारीले विभिन्न बहाना देखाएर पन्छिने प्रवृत्तिले काम हुन नसकेको औल्याउँदै यसले गर्दा पनि परिणाम आउन नसकेको धारणा राखेका थिए। कतिपय अवस्थामा सरकार र कर्मचारी को विषय अदालतमा पुग्ने र ती मुद्दा मामिला अदालतमा लामो समय अड्किँदापनि काममा समस्या भएको उहाँले औल्याएका थिए। अहिलेको सामुदायिक शिक्षाको अवस्था कमजोर रहेको बताउदै मुख्यमन्त्री कार्कीले यसको व्यवस्थापन र सुधारमा गम्भीर भएर काम गर्नुपर्ने अवस्था रहेको वताए।

विद्यालय मर्जर गरेर जानुपर्ने आवश्यक्ता रहेको र यसका लागि प्याकेज ल्याएर आकर्षण गर्नुपर्ने मुख्यमन्त्रीले जोड दिदै भने बैंक मर्जर नीतिलाइ हेर्दा पनि केही सिक्न सकिने उल्लेख गर्दै मुख्यमन्त्री कार्कीले भन्नुभयो - 'अब मर्जरमा विशेष ध्यान दिँउ।' 'विद्यालय मर्जरको नीतिको लागि राजनीतिक क्षेत्रले बोल्नु पर्छ किनकी कतिपय ठाउँमा राजनीतिक क्षेत्र नै बाधक छ' भन्दै मुख्यमन्त्री कार्कीले- 'भन्नुभयो अब राजीनितिक क्षेत्र लागौ बोलौ।'

कार्यक्रममा संघीय शिक्षा विज्ञान तथा प्रबिधि मन्त्री विद्या भट्टराईले सहकार्य, समन्वय र सहअस्तित्वमा काम गर्न सके शिक्षामा सुधार गर्न सकिने बताएका थियो। अहिले भएको शिक्षा ऐन र शिक्षा नितिबाट पनि धेरै काम गर्न सकिन उहाँले वताए। त्यो हेरेर पनि काम गर्न उहाँले आग्रह गर्नुभयो। मन्त्री भट्टराईले संघीय शिक्षा ऐन छलफल प्रक्रियामा अघि बढी सकेकोले चाँडै आउनेमा आशावादी हुन आग्रह गरेका थिए। शिक्षाक्षेत्र समस्या ग्रस्त भएकोले कानुन आवश्यक रहेको र कानुन बनाउन खोजेको बताउँदै ब्यवहारिक पक्ष पनि बलियो बनाउनु पर्नेमा उहाँले जोड दिएका थिए।कार्यक्रममा प्रदेशका सामाजिक बिकास मन्त्री पांचकर्ण राई र शिक्षा सचिव दिपक काफ्ले, प्रदेशका प्रमुख सचिव केदारनाथ शर्मा लगायतले बोल्नु भएको थियो।

# रोग प्रतिरोधक क्षमता बढाउने ६ खानेकुरा

रोग प्रतिरोधक क्षमता बढाउने भन्नेबित्तिकै भिटामिन सप्लिमेन्ट सेवनमा धेरैको ध्यान जान्छ। तर, आफ्नै वरपर रहेका सर्वसुलभ कुरालाई भने बिर्सन्छौं। यदि ती कुराहरुको मात्रै प्रयोग गर्न सकियो भने रोग प्रतिरोधक क्षमतामा बृद्धि गर्न धेरै सोचिरहनै पर्दैन।

**बदाम**

दैनिक ८ देखि १० वटा बदाम भिजाएर खानाले शरीरको रोग प्रतिरोधक क्षमता बढ्नुका साथै मस्तिष्कलाई तनावसित लड्न शक्ति समेत प्राप्त हुन्छ। यसबाट प्राप्त हुने भिटामिन ईले शरीरमैं रहेका नेचुरल किलर सेल्स बढाउन मद्दत गर्छ। विषाणु र क्यान्सरयुक्त कोशिकालाई नष्ट गर्न सघाउछ। बदामले शरीरमा बी टाइपको कोशिकाको संख्या बढाउने काम गर्छ। यी कोशिकाले एन्टिबडिज निर्माण गर्छन्, जसले शरीरमा भएका हानिकारक ब्याक्टेरियालाई नष्ट गर्न सहायता गर्छ। बदाममा पाइने भिटामिन ईले छालालाई स्वस्थ बनाउनुका साथै रिंकल समेत बस्न दिँदैन।

**सुन्तला**

सुन्तला, कागती, अनार, कटहर आदि फलमा भिटामिन 'सी' पर्याप्त मात्रामा पाइन्छ। यसले हरेक रुरोगसँग लड्ने श्वेत रक्तकोशिका निर्माण गर्न मद्दत गर्छ। यस्ता फलको सेवनबाट बन्ने एन्टिबडिज कोशिकाको सतहमा एक प्रकारको आवरण बनाउँछ, जसले शरीरभित्र भाइरस पस्न दिँदैन। त्यसैगरी कोलेस्ट्रोल बढाउँछ र ब्लडप्रेसरलाई पनि नियन्त्रणमा राख्छ। यसले हृदयको धमनीमा बोसो जम्ने प्रक्रियालाई कम गर्छ। यी फलमा पाइने नेचुरल केमिकल कम्पाउन्डले शरीरको रोग प्रतिरोधक क्षमतालाई समेत सक्रिय बनाउँछ।

**लसुन**

लसुनले धेरै मात्रामा एन्टी अक्सिडेन्ट बनाएर मानव शरीरको इम्युन सिस्टमलाई बिरामसित लड्ने शक्ति प्रदान गर्छ। यसमा सलिसिन नामक तत्व पाइन्छ, जसले शरीरलाई इन्फेक्सन र ब्याक्टेरियासित लड्ने शक्ति प्रदान गर्छ। प्रतिदिन भोजनमा लसुनको प्रयोग गर्नाले पेटको अल्सर र क्यान्सरबाट जोगिन सकिन्छ। दैनिक लसुन सेवन गर्नाले ब्लडप्रेसरलाई नियन्त्रणमा राख्न सहयोग पुग्छ र यसबाट लामो समयसम्म शरीरको इम्युन सिस्टम पनि बलियो रहन्छ।

**पालुंगो**

पौष्टिक तत्वले परिपूर्ण यो तरकारीलाई सुपर फुड पनि भनिन्छ। यसमा फोलेट नामक तत्व पाइन्छ। जसले शरीरमा नयाँ कोशिका बनाउनुका साथै ती कोशिकामा रहेका डिएनएको मर्मत गर्ने काम पनि गर्छ साथै यसमा भएको फाइबर आइरन, एन्टी अक्सिडेन्ट तत्व र भिटामिन सीले शरीरलाई हरेक तबरबाट स्वस्थ राख्छ। उमालेको पालुंगो सेवन गर्नाले पाचन प्रणालीले सही ढंगमा काम गर्छ र कब्जियतको समस्या पनि कम भएर जान्छ।

**मसरुम**

शरीरको रोग प्रतिरोधक क्षमता बढाउन मसरुम अत्यन्त लाभदायक हुन्छ। यसले श्वेत रक्त कोशिकालाई सक्रिय बनाएँछ। यसमा सेलेनियम नामक मिनरल, एन्टी अक्सिडेन्ट तत्व भिटामिन सी, रिबोफलेविन तथा नाइसिन नामक तत्व पाइन्छ। मसरुममा एन्टी भायरल, एन्टी ब्याक्टेरियल तथा एन्टी ट्युमर तत्व हुन्छ। प्रतिदिन ३० ग्राम मसरुम सेवन गर्न सके इम्युन सिस्टम बलियो रहन्छ। सलाद, सुप र पास्तासित यसको राम्रो प्रयोग हुन सक्छ।

**ब्रोकाउली**

ब्रोकाउलीमा भिटामिन ए र सीबाहेक ग्लुटाथियोन नामक एन्टी अक्सिडेन्ट तत्व पाइन्छ। यसले इम्युन सिस्टमलाई बलियो बनाउँछ। स्टिम गरेर यसलाई सलादका रुपमा सेवन गर्दा शरीरलाई पर्याप्त मात्रामा प्रोटिन तथा क्याल्सियम प्राप्त हुन्छ।

# २९ किलो गाँजा सहित पक्राउ


विराटनगर। लागुऔषध २९ किलो गाँजा सहित एक जना भारतीय नागरिक सहित तीन जनालाई प्रहरीले पक्राउ गरको छन्

पक्राउ पर्नेमा जिल्ला धनकुटा सागुरीगढी गाउँपालिका वडा नं. ७ बस्ने ३० को मोहन राई, जिल्ला सुनसरी दुहबी नगरपालिका वडा नं. ६ बस्ने बर्ष २१ को बिशाल कुमार पासवान र देश भारत जिल्ला अररिया १२ बस्ने बर्ष १९ को मुन्ना कुमार पासवान रहेका छन्।

शक्रवार जिल्ला मोरङ बुढिगंगा गाउँपालिका वडा नं ३ मुडेरी रमाईलो टोल स्थितमा इलाका प्रहरी कार्यालय नेमुवाबाट खटि गएको प्रहरी गस्ती टोलीले उत्तरबाट दक्षिणतर्फ गईरहेको मोटरसाईकललाई शंका लागि चेकजाँच गर्दा उनीहरुलाई पक्राउ गरको हो।

प्रदेश १-०२-०४३ प ५३८५ नं.को पल्सर मोटरसाइकलमा सवार जि.धनकुटा सागुरीगढी गाउँपालिका-७ बस्ने ३० को मोहन राई र प्रदेश १-०२-४२ प २७३६ न.को सुपर स्पिलिन्डर मोटर साइकलमा सवार मुन्ना कुमार पासवानको साथबाट २ ओटा झोलामा अ.२९ के.जी. अबैध लागु औषध गाँजा र नगद .७३ हजार ५ सय ६० सहित फेला पारी मोटर साईकल र ३ जना मानिसहरुलाई नियन्त्रणमा लिई जिल्ला प्रहरी कार्यालय मोरङमा लाई थप अनुसन्धान भईरहेको छ।

बरामद गरीएको सामानहरु, प्रदेश १-०२-०४३ प ५३८५ नं.को पल्सर, प्रदेश १-०२-४२ प २७३६ न.को सुपर स्पिलिन्डर मोटरसाइकल, नेपाली रुपैया नगद रु.७३ हजार ५ सय ६०, सामसुङ-१, ओपो-१, रेड्मी-१ र सादा सेट मोवाइल १ गरी जम्मा ४ थान मोवाइल रहेका छन्।



# कोशी प्रदेशका उद्योग, कृषि तथा सहकारी मन्त्रीले १०० दिनको १३ उपलब्धी

विराटनगर । कोशी प्रदेशका उद्योग, कृषि तथा सहकारी मन्त्री खगेनसिं हाङगामले आफ्नो १०० दिनको कार्यकालमा १३ बुद्धे उपलब्धी सार्वजनिक गरको छन् ।

विहीवार मन्त्रालयको सभाहलमा पत्रकार सम्मेलनको आयोजना गरी १३ बुद्धे काम सार्वजनिक गरेको थियो । जस मध्ये धेरै वटा बुद्धाहरुमा कानुन निर्माण, कार्यविधी निर्माण लगायत रहेका छन् । खासगरी सहकारी क्षेत्रमा वढी सस्या रहको छ । पशुपालन, तरकारी खेती लगायतमा काम गरको सुनाएका थिए ।




मन्त्री हाङगामले १०० दिनमा गरको कामको पूर्णपाट यस प्रकारको रहको छ ।

१. सहकारीमा बचत कर्ताहरुको बचत रकम लाई व्यवस्थीत गर्न र सहकारीको नियमन गर्न सहज बनाउन सहकारी संस्थामा एप्लीकेशन सफ्टवेयर प्रयोग सम्बन्धी कार्यविधि २०८१ मिति ०८१।०६।११ मा स्वीकृत गरी कार्यन्वयनमा ल्याएको र हाल सम्म उक्त सफ्टवेरमा १७ वटा कम्पनी सुचिकृत भई १३०० वटा सहकारीहरु ले प्रयोग सुरुवात गरेको । यसबाट सहकारी क्षेत्रको व्यवस्थापन र नियमनमा महत्वपुर्ण भूमिका खेल्नेछ ।

२. प्रदेशमा रहेका संकट उन्मुख सहकारी संस्थालाई संकटग्रस्त सहकारी घोषणा गरी बचतकर्ताको बचतलाई सुरक्षित गर्न विद्यमान प्रदेश सहकारी एनमा रहेको संकटग्रस्त सहकारी समस्या समाधान समितिको संरचना केही प्रदेश ऐनलाई संसोधन गर्न बनेको अध्यादेश २०८१ मार्फत परिमार्जन गरी संकट ग्रस्त सहकारी संस्थाहरुको समस्या समाधान गर्न व्यवस्थापन समिति गठन गर्ने सम्बन्धि प्रकृया मसौदा मन्त्री परिषदमा पेश गरिएको । मिति २०८१/०९/१८ गतेको मन्त्री परिषद बाट निर्णय भई समिति गठन भएको )

३. कोशी प्रदेश बाट दुग्ध तथा मासुजन्य पदार्थको दिर्घकालिन निर्यात तथा अन्तरिक बजारमा स्वस्थ र स्वच्छ पशुजन्य उत्पादनको आपुर्ती गरी पशुपालन व्यवसायलाइ दिगो र व्यवसायिक बनाउनको लागी खोरेत रोग नियन्त्रण आयोजना संचालन सम्बन्धी कार्यविधी २०८१ मिति २०८१।०७।२१ मा स्वीकृत गरी कार्यान्वयनमा लगीएको । ईलाम जिल्लाको १०वटै स्थानिय तहहरु लाई खोरेत मुक्त बनाउन जोनिङ सहित खोप कर्यक्रम संचालन भईरहेको ।

४. कृषी व्यवसायमा लगानी प्रवर्द्धन गर्न बैंक, वितिय संस्था र सहकारी संस्था मार्फत कृषि कर्जा लिई कृषि व्यवसाय संचालन गर्न किसानलाई व्याजमा अनुदान उपलब्ध गराउन प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान ( दोस्रो संशोधन) नियमावली २०८१ लाई मिति २०८१।०८।०५ मा संशोधन गरि कृषि कर्जामा व्याज अनुदान व्यवस्थापन कार्यविधि २०८१ को मसौदा स्विकृतिको क्रममा रहेको । यसवाट व्यवसायिक रुपमा कृषि व्यवसाय संचालन गर्न किसान तथा उद्यमीहरुलाई सहुलियत पुर्ण कर्जा उपलब्ध भई कृषि व्यवसायीकरणमा महत्वपुर्ण भूमिका खेल्नेछ । ( मिति २०८१/०९/१८ गतेको मन्त्री परिषद बाट निर्णय भएको)

५. प्रदेशमा बीउ बिजन उत्पादन, परीक्षण, प्रशोधन तथा बिक्री वितरण सम्बन्धी कार्यलाई नियमन गरी गुणस्तरीय बीउको उपलब्धता मार्फत बालीको उत्पादन र उत्पादकत्व वृद्धि गर्दै कृषकहरुलाइ गुणस्तरीय बिउ बिजन उपलब्धतामा सुधार तथा किसानको आयस्तरमा सुधार गर्न प्रदेश विउ विजन सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक मसौदा तयार गरी प्रदेश सभामा पेश गर्न मन्त्री परिषदमा पेश गरिएको। ( मिति २०८१/०९/१८ गतेको मन्त्री परिषद बाट निर्णय भएको)

६. कोशी प्रदेशमा जिवनाशक विषादीको उत्पादन, संश्लेषण, निकासी, पैठारी, भण्डारण बिक्री वितरण प्रयोग विसर्जन जस्ता कार्यलाई व्यवस्थित गर्न प्रदेश जिवनाशक विषादी व्यवस्था पन गर्न बनेको विधेयक मसौदा तयार गरी प्रदेश सभामा पेश गर्न मन्त्री परिषदमा पेश गरिएको । यसबाट विषादीको व्यवस्थित प्रयोग तथा नियमनमा सहयोग पुग्नेछ मिति २०८१/०९/१८ गतेको मन्त्री परिषद बाट निर्णय भएको)

७. प्रदेश सरकार, नीजि क्षेत्र र स्थानीय सरकारको सहकार्यमा स्थानीय स्तरमा उद्यमशीलता विकास र सीप विकास मार्फत स्वरोजगारी सिर्जना गर्नका लागि प्रदेश औद्योगिक व्यवसाय (पहिलो संशोधन) विधेयक राय सहमति का लागि ०८१।०८ ।१७ गते सम्बन्धित मन्त्रालय पठाईएको ।

८. उद्योग वाणिज्य तथा आपूर्ति कार्यक्रम सञ्चालन मार्गदर्शन २०८१ जारी गरी मन्त्रालय तथा घरेलु उद्योग कार्यालयले गर्ने उद्यम प्रवर्द्धन उद्यमशीलता विकास तथा सीप विकास सम्भन्धी कार्यक्रम गर्न सहज भई स्वरोजगारी बढ्ने र सीप अभिवृद्धि हुने छ ।

९. वृद्धि मुखी उद्यम शीलता तथा रोजगार प्रर्वद्धन कार्यक्रम कार्यविधि २०८१ मसौदा तयार गरी सहमतिका लागी सम्बन्धित मन्त्रालय पठाईएको र यसवाट कोशि प्रदेश का ५ ओटा स्थानीय तह मा उद्यमशीलता तथा रोजगार प्रवर्द्धन हुने अपेक्षा राखिएको छ ।

१०. स्टार्टअप लाई प्रविधि अवलम्बनमा व्याज अनुदान सहयोग उपलब्ध गराउने कार्यविधि २०८१ मसौदा तयार भई स्वीकृति को क्रममा रहेको यसले स्टार्टअप हरुले बैंक तथा वित्तीय संस्था बाट उद्यम सञ्चालन का लागि लिएको कर्जामा लाग्ने व्याजमा अनुदान उपलब्ध गराई स्टार्टअप उद्यमि हरु को प्रतिस्पर्धात्मक क्षमता र उत्पादकत्व वृद्धि गर्ने छ ।

११. स्थानिय कच्चा पदार्थ, साधन सिप प्रयोग गरी उत्पादित भएका वस्तु तथा सेवाको गुणस्तर र विस्वसनियता कायम राखी निर्यात प्रवर्द्धन तथा बजारी करण गर्न यस प्रदेशका १० जिल्लामा लेबलिङ तथा प्याकेजिङ तालिम ईलाम र संखुवासभा खाँदवरी गरी २ जिल्लामा सम्पन्न भईसकेको छ ।

१२. भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरुबाट पशु स्वासथ्यमा सुधारको लागी कम्तिमा १ लाख भन्दा बढी विभिन्न रोग विरुद्ध खोप कार्यक्रम संचालन गरिएको छ ।

१३. पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना (ल्ँज्ब) अन्तरगत यस प्रदेशका ४ जिल्लाका १३ वटा स्थानिय तहका कृषकहरु का फलफुल बगैचा स्थापनाका लागी आवेदन आवहान भई ती आयोजना क्षेत्रका १३ वटा पालिकामा समाजिक परिचालक र कृषक सहजकर्ताको समेत व्यवस्था भईसकेको छ ।




# सकारात्म रुपमा अर्थतन्त्र अगाडी नबढेको स्वीकार

विराटनगर । राजनीतिक अस्थीरताका कारण अर्थतन्त्र सकारात्मक रुपमा अघि बढ्न नसकेको कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले वताएका छन ।

सरकार परिवर्तन भइरहँदा नीति पनि परिवर्तन हुने गरेकाले अर्थतन्त्रमा समस्या देखिएपनि पछिल्लो समयमा देशको अर्थतन्त्र सही दीशामा गएको मुख्यमन्त्री कार्कीले वताए ।

सोमबार विराटनगरमा एभिन्यूज टेलिभिजनले आयोजना गरेको कार्यक्रममा बोल्दै कार्कीले दुई ठुला दलहरु मिलेर सरकार बनेको र अर्थतन्त्र बिस्तारै सामान्य बन्ने क्रममा रहेको जानकारी दिएका थिए ।

मुख्यमन्त्री कार्कीले अझै पनि दुई दलबीचको सहकार्य कति समयसम्म जान्छ भन्ने कुराले उद्योगी व्यवसायी हरुबीचमा त्रास उत्पन्न गर्न खोजिएकाले पनि केही कुरा अफठ्यारो भएको धारण राखेका थिए ।

उहाँले नकारात्मक विषय लाई मात्रै सञ्चार माध्ययम र सामाजिक सञ्जालले प्राथमिकता दिदा कतिपय राम्रा विषय ओझेलमा परेको चर्चा गर्दै सरकारले पछिल्लो मौद्रिक निती आएपछि अर्थतन्त्रमा निकै सुधार गरेको दाबी गर्नु भएको थियो ।

कोशी प्रदेश सरकारले लगानी सम्मेलन,पर्यटन वर्ष र चिया सम्मेलनको काय्रक्रम लाई अघि सारेर प्रदेशमा अर्थतन्त्र चलयामान गर्ने प्रयत्न गरेको कार्कीले बताउनुभयो । उहाँले भन्न ुभयो,‘ हामी नीतिगत कुराहरु प्रदेशमा हुँने प्रदेशमै र केन्द्रमा हुने केन्द्रमै गएर टुंग्याइ लगानीको वातावरण बनाउने छौं ।’

निजी क्षेत्रलाई उत्साहित गर्न जग्गा लगायत विद्युतका विषयमा सहुलियत दिन छलफल सुरु गरिएको जानकारी दिदै उहाँले जग्गाको खोजी भइरहेको जानकारी गराउनु भएको थियो ।

प्रदेशले मात्रै नीति बनाएर नपुग्ने यसमा संघ सरकारले पनि ध्यान दिनुपर्ने अवस्थालाई मध्य नजर गर्दै काम अघि बढेको उहाँको भनाई छ ।

# ट्राफिक कार्यालय इटहरीको परिषरमा वृक्षारोण

विराटनगर । कोशी प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक राजन अधिकारीले नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय इटहरी सुनसरीको निरीक्षण भ्रमण गर्दै कार्यालय परिसरमा वृक्षा रोपमा गरेका छन ।

शुक्रवार निरीक्षण भ्रमणको क्रममा वहाँले कार्यालय तथा सम्पुर्ण शाखाहरु, ट्राफिक व्यवस्थापनमा प्रयोग गरिने सामग्रीहरुको निरीक्षण गरेका थिए ।

निरीक्षण पश्चात प्रदेश प्रहरी प्रमुख अधिकारीले कार्यरत प्रहरी अधिकृत तथा प्रहरी कर्मचारीहरुलाई आवश्यक निर्देशनको क्रममा ट्राफिक प्रहरीको मुख्य काम सवारी दुर्घटना न्यूनिकरण भएकोले यसलाई प्राथामिकतामा राखि सवारी दुर्घटना न्युनिकरणको लागी सवारी चालक, पैदल यात्रीहरुलाई ट्राफिक नियम सम्बन्धि प्रशिक्षण प्रदान गर्न तथा आफुलाई दिएको जिम्मेवारी कुसल र अनुशासित तवारले निर्वाह गरी सवारी दुर्घटनाबाट जन धनको क्षेति हुन नपाउने गरी प्रविधिको प्रयोग गरेर ट्राफिक व्यवस्थापन मिलाउन निर्देशन निर्देशन दिएका थिए

ट्राफिक प्रहरीले प्रदान गर्ने सेवा र सुरक्षा प्रवाहमा आम नागरिकमा प्रहरी प्रति विश्वास बढ्ने किसिमले आफ्नो जिम्मेवारीको बोध हुने गरी सेवा ग्राहीमा शिष्ट सभ्य भाषाको प्रयोग गरी अनुशासित तवरले आफ्नो आचरण व्यवहारमा सुधार ल्याई पदिय दायित्व निर्वाह गर्न निर्देशन दिएका थिए ।

निरीक्षण भ्रमणको क्रममा नेपाल प्रहरी राज मार्ग सुरक्षा तथा ट्राफिक ब्यावस्थापन कार्यालय इटहरी पाल्नु भएका प्रदेश प्रहरी प्रमुख अधिकारीले दुर्घटना न्यूनीकरणका लागि कोशी प्रदेशमा लगाईएको टाइम कार्डको पुनरावलोकन तथा थप टाइम कार्ड लागु गर्ने सम्बन्धी नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक ब्यावस्थापन कार्यालय इटहरीका प्रमुख प्रहरी उपरीक्षक विनोद घिमिरे, नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ कोशी प्रदेशका संयोजक सरोज श्रेष्ठ लगायत यातायात व्यवसायीहरु, यातायात मजदुर संघ संगठनका प्रतिनिधिहरुसंग छलफल तथा अन्तरक्रिया समेत गर्नु भएको थियो ।

क्राईम अपरेशन साप्ताहिक

## भ्रष्टाचारबारे...

तर यसमा प्रश्न पनि उठ्यो ।

पहिलो, त्यसले माथिदेखि तलसम्म सबै कुरा नियन्त्रण गर्न सक्ने क्षमता राख्छ कि राख्दैन? कानुनी क्षमता राखे पनि उसको उपस्थिति जहाँ हुनुपर्ने हो, त्यहाँसम्म क्षमता छ कि छैन ? विज्ञता र विशेषज्ञताको प्रश्न त छँदैछ ।

यसरी हाम्रा संस्थाहरू धराशायी भए, कमजोर भए ।

हामीले जसलाई भ्रष्टाचारको कारबाही गर्ने भनेर जिम्मा लगाएका छौं, त्यही संस्थाका पदाधिकारी नियुक्त गर्ने बेलामा भागबन्डा लगाइन्छ । कहिलेकाहीँ त चन्दा उठाउने काम पनि भएको सुनिन्छ । केही वर्षअगाडि अग्राह्य भनेर सार्वजनिक जिम्मेवारीबाट धपाएको मान्छेलाई दुई-चार वर्ष बित्न नपाउँदै ल्याएर बसाइन्छ । आउने त अवसर पायो र आयो रे, ल्याउनेले हिजो किन पठाएको, पठाउनुपर्ने थियो भने आज किन ल्याएको ?

संस्थाको प्रमुख भएको मान्छे दिनदिनै अदालतमा तारेख धाएर हिँडिरहेका छन्। अनि हामीले हाम्रा संस्था दुरूस्त हुन्छन् भनेर विश्वास गर्नुपर्ने ? बाहिर दस वटा कुरामा भ्रष्टाचार गर्ने अनि पछि टाउको लुकाउन घरभित्र पस्ने ? एक, दुई वर्ष लुकेपछि सुनपानी छर्केर निस्किने ?

विश्वसनीयता व्यक्तिको मात्रै हुँदैन, संस्थाको पनि हुन्छ । संस्थाको विश्वसनीयता राख्ने काम हाम्रो राज्य संयन्त्रबाट सही ढंगले भएको छैन। संस्थाहरूको विश्वसनीयता कमजोर भएकाले प्रभावकारिता पनि कमजोर भयो। परिणाम स्वरूप, अहिले हामीले गुनासाका भाषा बोलेका छौं ।

३. कानुनी सुधारको प्रश्न

कानुनी सुधारको पाटो महत्त्वपूर्ण छ। हाम्रो कानुनमा जे जे छिद्र छन्, ती टाल्ने कोसिस गर्नुपर्ने हो। तर हामीकहाँ छिद्र अझै खुकुलो बनाइदिने कोसिस गरिरहेका छन्। कानुनी छिद्रको सानो झ्याललाई ठूलो ढोका बनाइदिन लागेका छन् । यो उल्टोबाटो किन हिँडेको ?

जस्तै, अनुसन्धानका लागि स्टिङ अपरेसनको कुरामा केही कानुनी त्रुटि थिए। स्टिङ अपरेसन सम्बन्धी कानुन ऐनले नभएर नियमले बनेको थियो। त्यसलाई ऐनकै आधारमा बनाउनुपर्छ भन्ने हामीलाई लाग्यो। तर बुज्रुक, उपबुज्रुकहरूले अदालतले स्टिङ अपरेसनलाई नै निषेध गर्‍यो भन्ने भाष्य बनाइदिए । कसरी निषेध भयो ? फैसला लेख्ने मै हुँ त । निषेध गरिएकै छैन ।

यहाँ व्यक्तिको स्वतन्त्रता पनि जोडिन्छ । आज कुनै मान्छेलाई झ्यालबाट पैसा फाल्दिने र त्यो पैसा टिप्यो भनेर पक्रिने पनि भएको छ । के त्यसरी पक्राउ पर्ने मान्छे बेइमान भएरै पक्राउ परेको हो त ? रिस उठेर पनि पक्राउ गरिएको हुन सक्छ ।

के राज्यले त्यसरी पक्रिन हुन्छ? यही प्रश्न हामीले उठाएका हौं, यसको सम्बोधन हुनुपर्छ। तर सम्बोधन गर्नेतिर नलागेर 'एउटा हतियार थियो, त्यो पनि अदालतले रोकिदियो' भन्दै हिँडेका छन्। रंग न ढंगको भुत्ते हतियार लिएर हिँड्दा त रोक्छ नि अदालतले पनि !

४. भ्रष्टाचारको मुद्दामा हदम्याद लगाउने कुरा अमिल्दो

भ्रष्टाचारमा पाँचवर्षे हदम्यादको कुरा छ। यसपछाडि बेइमानीको नियत छ ।

२०६५/६६ सालमा ललिता निवासमा गरेको निर्णयको कुरा एक, डेढ वर्ष अगाडि चल्यो । त्यही भ्रष्टाचारमा दस वर्षपछि मुद्दा चलाएर एकातिर त्यसमा गर्व गर्ने, अर्कातिर पाँचवर्षे हदम्यादको वकालत गर्ने !

पाँच वर्ष त यहाँ झुक्क्याएर, आँखा छलेर पनि कट्छ । त्यसैले यो कुनै चिजबाट जोगिन बनेको प्रायोजित कुरा हो । यसपछाडि बेइमानीको अभिष्ट छ । नभए कसरी हुन्छ यस्तो कुरा ?

हामीले देखेका छौं, एक जनाले सत्तामा भइन्जेल फलानो विषयमा कारबाही गर्नुपर्ने आधार देखिएन, केही गर्नुपर्दैन भनेर वक्तव्य निकाल्नुभयो । सत्ताबाट निक्लिएपछि अर्को सरकारले त्यही विषय, त्यही कारणमा, त्यही मान्छेलाई पक्राउ गरेर राखेको छ ।

अब यसमा पक्रिनु ठीक हो कि नपक्रिनु ?

अदालतमा विचाराधीन कुरामा बोल्न मेरो धर्मले दिँदैन । मैले यो ठीक वा त्यो बेठीक भनेको पनि होइन । तर कि कारबाही गर्ने ठीक होला, कि नगर्ने ठीक होला नि ! कारबाही गर्ने ठीक हो भने हो भने हिजो वक्तव्य निकालेर केही पनि छैन किन भनेको? हिजोकै कुरा ठीक हो भने आज यसो किन गरेको ?

यति चाँडै दुई खाले कुरा हुन्छ यो राज्यमा। यो प्रतिनिधि उदाहरण हो। यस्ता उदाहरण धेरै छन् ।

५. निजी व्यवसायमा अख्तियार किन छिर्ने ?

हामी कहिलेकाहीँ धेरै कुरा पनि माग्छौं। हामी अख्तियार निजी क्षेत्रमा प्रवेश गर्न पाउनुपर्‍यो भनिरहेका छौं । अहिले पनि बहस सेलाएको छैन ।

अर्को के पनि भनिरहेका छौं भनेँ–अख्तियारको टंगालमा भएको अड्डा बाहिर जानै सकेन। गाउँ गाउँ पुग्न सकेन। यसको सञ्जाल भएन ।

अब यही सरकारी निकाय त हेर्न नसक्ने अख्तियारलाई निजी व्यवसायमा प्रवेश गर्न दिने ? त्यो त तपाईंको सागबारीमा साँढे पसे जस्तो भयो । निजी व्यापारमा अख्तियार किन ? कसको रिस फेर्न खोजेको हो यो ? चाहिएको के हो यो? कुन उद्देश्य पूरा हुन्छ ? निजी कम्पनीमा अख्तियार जानुपर्ने आवश्यकता किन पर्‍यो ? एउटा निजी कम्पनीले कुनै सरकारी पदाधिकारीसँग मिलेर, लेनदेन गरेर कारोबार गरेको छ भने कानुन यसै आकर्षित हुन्छ नि ! छुट्टै कम्पनीका लागि अर्को कार्यक्षेत्र किन निर्माण गर्नुपरेको हो ?

मैले मेरो निजी व्यापारगरेर बसेको छु, मेरो ढंग पुग्यो भने नाफा कमाउँछु, नपुगे नोक्सान हुन्छ । तपाईंले किन टाउको दुखाउने ? यो बडा अचम्म छ । हामीले केही पनि नबुझेको कुरा ठूला मान्छेले भनेको भनेर मानिदिनुपर्ने ? त्यस्तो कुरा त हुँदैन नि । यो पनि बुझ्ने कुरा छैन । गलत बाटोमा कानुन सुधारको नाममा विकृत बाटोमा अघि बढिरहेको छ ।

६. कानुन निर्माणमा हेलचेक्र्याइँ ?

हाम्रो कानुन निर्माणको कुरामा हामी जानकार नै छौं । एक वर्ष बित्यो, दुई अधिवेशन बस्यो। १०२ वटा बैठक बसेछन्, जम्मा कानुन पास भए चारवटा । त्यो पनि नगरी नहुने मात्रै छ । त्यसमा पनि आर्थिक ऐन पास नगरेसम्म दानापानी बन्द हुने रहेछ । त्यसमा जोडिएका केही कुराहरू नगरी नहुने रहेछ ।

अब के अरू काम गर्नुनपर्ने ? जबकि पाइपलाइनमा दुई सयभन्दा बढी विधेयकहरू अहिले पनि छन् । त्यो प्राथमिकतामै आउँदैन । त्यो कानुन बनाउन आवश्यक नभएको भए संसदमा किन लगेको? बन्नुपर्ने हो भने किन काम नगरेको ?

काम गर्नु नपर्ने, ठूला कुरा मात्रै गरे हुने हो ? अरूलाई दोष दिने प्रवृत्ति भयो, आफूतिर फर्केर हेर्ने चलन धेरै भएन । संसद पनि प्रकारान्तरले सरकार बनाउने र गिराउने मात्र भयो। अरू केही भएन । अब कसलाई भन्ने हो? कहाँ गुनासो गर्ने हो ? गुनासो गर्ने ठाउँ नै छैन ।

७. बेनामे उजुरी बन्द गर्नुको नियत के हो ?

भ्रष्टाचारको चरित्र कस्तो हुन्छ भने यसमा दुईवटा पक्षबीच सामञ्जस्य हुन्छ, समझदारी हुन्छ, द्वन्द्व हुँदैन । सामाजिक सम्बन्धको कुरा पनि आउँछ । यसमा विरोधी तत्व हत्तपत्त अगाडि आउँदैन । वनको रूख काटेको कुरामा मान्छे स्वयं अगाडि आउँदैन । किनभने, अर्कोले पनि काट्नुपरेको हुन्छ । आफ्नै छिमेकीको गुनासो कसले गर्छ ? ऊ त 'खोई कसले काट्यो थाहा छैन' भन्छ ।

त्यसैले भ्रष्टाचार गर्ने वा गराउनेले सकेसम्म भएको कुरा लुकाउने कोसिस गर्छ । कुनै कुरा परिबन्धमा मिलेन र खटपट भयो भने मात्र बाहिर आउने हो । प्राय: कुरा त लुकेरै बस्छन् । यस्तोमा नाम दिएर उजुरी गर्ने मान्छे भेट्न मुस्किल हुन्छ ।

म यहाँ यति ग्यारेन्टीका साथ भन्न सक्छु–भ्रष्टाचारका पाँच सय केसमा एउटा मान्छेले मात्र नाम खुलाएर उजुरी गर्‍यो भने बहादुर मान्नुपर्छ। यस्तोमा बेनामे उजुरीलाई निषेध गर्ने भनेको के हो ?

यस्तो धरातलीय यथार्थमा बेनामे उजुरी निषेध गर्नु भनेको भ्रष्टाचारको उजुरी नल्याऊ, यो त संस्थागत भइसक्यो भन्न खोजेको जस्तै हो ।

८. के कानुनले वर्ग विभाजन गरेको छ ?

कोही पनि व्यक्ति कानुनभन्दा माथि हुँदैन । सबै कानुनको अधिनस्थ हुन्छ। हामीले यस्तै शास्त्र पढेर आएका हौं । तर कानुनले वर्ग विभाजन गरिदिएको छ । एउटा कानुनी दायरामा पर्छ, अर्को पर्दैन । त्यसैले हिम्मतवालाले यो काम गर्दा मलाई कति फाइदा हुन्छ भन्छ रे । अलि कमजोर पर्‍यो भने पार्टीलाई चन्दा चाहियो नि भन्छ रे । हुँदाहुँदा मान्छेहरू इज्जत राख्ने भ्रष्टाचारी पनि छन् भनेर कुरा गर्छन् ।

यस्ता वर्ग-वर्गका भ्रष्टाचारी भएको ठाउँमा कानुनी शासन फस्टाउन सकेको छैन। असजिलो परिस्थिति निर्माण भएको छ । यसले कानुनी शासनमा सुधार हुँदैन ।

सञ्चारमाध्यमले लेखेअनुसार कारबाही गरेर भोलि मुद्दा चलाउने भनिसकेपछि कारबाही गर्नेवालाले कारबाहीमा पर्नेवालालाई फोन गरेर 'भोलि तपाईंको मुद्दा जान्छ, केही गर्न सक्नुहुन्छ भने गर्नुस्' भन्छ । अलि कडा फोनको घन्टी बजाउन सक्ने मान्छेको फोन आउँछ रे बेलाबेला। यही ढंग, यही शैली र यही किसिमको प्रतिबद्धताले गन्तव्यमा पुग्न सकिँदैन ।

अब के गर्ने त ?

भ्रष्टारचार ठ्याक्कै निर्मूल गर्न हामीसँग कुनै जादूको छडी छैन। यो सामाजिक प्रक्रियाको कुरा हो । ऐन-कानुन बन्न पनि समय लाग्छ। एउटा-दुइटाले कोसिस गरेर निर्मूल भइहाल्ने विषय पनि होइन। सचेतना अभिवृद्धि गराउने काममा कोसिस अघि बढाउनुपर्छ ।

सुधार गर्नुपर्ने कुरामा सुधारको कोसिस गर्नुपर्छ। कम्तिमा प्रक्रिया कायम राखियो भने धेरै बिगार चाहिँ हुँदैन । धेरै बिग्रिनुभन्दा थोरै बिग्रिनु राम्रो हो ।

बिग्रिन त कत्ति पनि नबिग्रिए हुन्थ्यो। तर ५० प्रतिशत बिग्रिनुभन्दा ४० प्रतिशत बिग्रिनु राम्रो हो । हामी त्यो प्रतिशत घटाउने कोसिस गरौं। सकेसम्म तलै पुर्‍याउने कोसिस गरौं ।

(भ्रष्टतन्त्रबारे खोज पत्रकारिता केन्द्रले बिहीबार गरेको कार्यक्रममा पूर्वन्यायाधीश ईश्वर खतिवडाले राखेको मन्तव्यको सम्पादित अंश) सेतोपाटीबाट


**कर तिरौं, राजश्व बढाऔं**

कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो । त्यसैले कर तिरौं देशको राजश्व बढाऔं ।

स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस् ।

लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर

कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं ।

सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर ।

**अन्तरिक राजश्व कार्यालय विराटनगर**


## १९ औं साधारणसभा भव्यताका साथ सम्पन्न्



भोजराज घिमिरे

विराटनगर । बुढीगंगा गाउँपालिका-१ मिलन चोकस्थित टंकीसिनवारी कृषि उपज बजार व्यवस्थापन सहकारी संस्था लिमिटेडले १९औं वार्षिक साधारणसभा सम्पन्न भएका छन् ।

प्रमुख अतिथिका रूपमा बुढीगंगा गाउँपालिका वडा नं. १ का वडाअध्यक्ष सोमराज काफ्ले समुद्घाटन गरको थिए । संस्थाका लेखा समितिका संयोजक दिप के.सी.ले आर्थिक वर्ष २०८०/८१ को लेखा प्रतिवेदन प्रस्तुत गरेका थिए । प्रतिवेदन अनुसार, संस्थाको सम्पत्ति तथा पुँजी ४ करोड २८ लाख ५० हजार ५२ रुपियाँ ८१ पैसा रहेको छ । संस्थाको आन्दानी १ करोड ७३ लाख ८७ हजार ६ सय ८५ रुपियाँ ६७ पैसा रहेको छ भने खर्च १ करो.ड ७१ लख २९ हजार ६ सय ५९ रुपियाँ ४६ पैसा रहेको छ । प्रतिवेदनले सहकारी ऐन, नियमावली, र संस्थाको विनियमअनुसार लेखा व्यवस्थापन गरिएको जानकारी दिँदै, संस्थाको गतिविधिहरूलाई थप व्यवस्थित गर्न आवश्यक सुझावहरू समेटेको छ ।

त्यसैगरी, संस्थाको निरन्तर प्रगतिमा योगदान पुर्‍याएका जेष्ठ शेयर सदस्यहरू आशाराम थन्दार, केशर बहादुर केसी, गोकुल अधिकारी, नवराज बिष्ट, मुंगालाल यादव, र नरेन्द्र बहादुर अर्याललाई सम्मान गरेका थिए ।

संस्थाका अध्यक्ष भलाकाजी राईले संस्थाको विगत, वर्तमान अवस्था, र आगामी योजनाहरू प्रस्तुत गर्दै सहकारीको दीर्घकालीन उद्देश्य व्यवसायिक सहकारीको रूपमा विकसित गर्दै सदस्यहरूको आर्थिक, सामाजिक, र सांस्कृतिक समृद्धिमा योगदान पुर्‍याउने वताउँदै कृषि कार्यक्रम अन्तर्गत टनेल र कौशी खेतीका लागि बजेट विनियोजन गरिदिएकोमा वडा कार्यालयप्रति विशेष आभार व्यक्त गरेका थिए ।

अध्यक्ष राईले सहकारीलाई व्यवसायिक संस्थाका रूपमा विकास गर्न आगामी कार्ययोजना प्रस्तुत गर्दै आगामी आर्थिक वर्षका लागि सदस्यहरूको सहभागितामा आधारित योजना अघि बढाइने जानकारी दिएका थिए ।

सचिव श्री ध्रुव प्रसाद नेपाल र कोषाध्यक्ष भोगेन्द्र चौधरीद्वारा प्रस्तुत आगामी कार्ययोजना र वित्तीय विवरणलाई छलफल गरी अनुमोदन गर्ने निर्णय सभाले पारित गरेका छन् । सहकारीको प्रगतिका लागि सहयोग पुर्‍याउने कर्मचारी, कोशी प्रदेशका कृषि तथा सहकारी निकायहरू, बुढीगंगा गाउँपालिका, र वित्तीय संस्थाहरूप्रति आभार व्यक्त गर्दै संस्थाको प्रगतिको लागि निरन्तर योगदान पुर्‍याउने प्रतिबद्धता जनाउदै कार्यक्रम समापन गरको थिए ।




## लागुऔषध सहित पाँच पक्राउ

विराटनगर । सुनसरी र ताप्लेजुङबाट नियन्त्रित औषधी र लागुऔषध सहित ५ जनालाई पक्राउ गरिएको छ ।

शनिवार अस्थाई प्रहरी पोष्ट श्यामचौकबाट खटिएको प्रहरी टोलीले सुनसरीको धरान उपमहानगरपालिका १५ मिलन चौक स्थितमा स्कुटरमा सवार सोही स्थानका २७ बर्षीय सन्जिप गिरी र २३ बर्षीय रोजेश श्रेष्ठलाई नियन्त्रित औषधी स्पासपेन १२३ ट्याबलेट र लागुऔषध ट्रामाडोल ११७ क्याप्सुल सहित पक्राउ गरिएको थियो ।

त्यसै गरी साही दिन ताप्लेजुङ फुङलिङ नगरपालिका ४ गोस लाईन स्थितबाट जिल्ला प्रहरी कार्यालय ताप्लेजुङबाट खटिएको प्रहरी टोलीले फुङलिङ ८ का २० बर्षीय राम तामाङ, फुङलिङ ४ का २१ बर्षीय सोनुहाङ लिम्बु र पाथिभरा याङवरक १ का १९ बर्षीय सुमन तामाङको साथबाट नियन्त्रित औषधी स्पासपेन १८ ट्याबलेट र लागुऔषध ट्रामाडोल १८ क्याप्सुल सहित पक्राउ गरिएको थियो ।

पक्राउ परेका सबै जना उपर सम्वन्धित प्रहरी कार्यालयहरुवाट थप अनुसन्धान भईरहको छ ।